प्रतिदिन १७औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १३५ ॥ २०८२ असार १० गते मंगलबार (24th June 2025 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-

# बिर्तामोड नगरपालिकाको बजेट १ अर्ब ५१ करोड

बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि १ अर्ब ५१ करोड ८३ लाख ८२ हजार रुपैयाँ बराबरको बजेट, नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ ।

सोमबार सुरु भएको दोस्रो नगर सभाको सातौ अधिवेशनमा नगर प्रमुख पवित्रा महतारा प्रसाईले नगर विकासका विभिन्न महत्वाकांक्षी योजनासहितको नीति तथा कार्यक्रम प्रस्तुत गरिन् ।

नगरपालिकाले शिक्षा विकास कार्यक्रमअन्तर्गत नगर क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयको भौतिक पूर्वाधार र गुणस्तर सुधार गर्दै प्राविधिक तथा व्यवसायिक शिक्षा र जीवनोपयोगी सीप सिकाइमा विशेष जोड दिएको छ ।

विद्यालयहरूलाई प्रविधिमैत्री कक्षाकोठा निर्माण र प्रविधिमा आधारित सिकाई व्यवस्थापनका लागि प्रोत्साहन गर्दै नगरपालिकाले विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउन अनुगमन प्रणालीलाई सूचकमा आधारित बनाउने नीति अघि सारेको छ ।

शैक्षिक सत्र २०८२ लाई सिकाई उपलब्धि सुधार वर्षको रुपमा कार्यान्वयन गर्दै मुख्य पाँच विषयमा विद्यालयमा विषयगत समिति परिचालन गरी नगरमा निर्माण भएका विषयगत सञ्जालमार्फत सिकाई सुधार प्रतिबद्धता कार्यान्वयन गर्ने नगरपालिकाको नीति छ । समग्र शैक्षिक क्षेत्रको विकासका लागि नगरपालिकाले ३ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ ।

विपन्न २००० घरपरिवारलाई निःशुल्क स्वास्थ्य बीमा गराई उनीहरूलाई नियमित स्वास्थ्य जाँच तथा उपचार प्रक्रियामा आबद्ध गराउने नीति अघि सारिएको नगर प्रमुख प्रसाईले बताइन् ।

गर्भवती, सुत्केरी तथा नवजात शिशुको जीवन रक्षाका लागि आमा सुरक्षा कार्यक्रम र सुनौलो हजार दिन कार्यक्रमलाई नगरपालिकाले निरन्तरता दिएको छ । नगर प्रमुख प्रसाईले बिर्तामोड नगर अस्पतालको सेवालाई २४ घण्टे बनाउने गरी गृहकार्य सुरु गरिएको बताइन् । बिर्तामोड नगरलाई स्वास्थ्यको हबका रूपमा स्थापित गर्न नगर स्वास्थ्य समन्वय समिति गठन गरी विस्तृत कार्ययोजना तयार गर्ने नीति नगरपालिकाले प्रस्ताव गरेको छ ।उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकास लगायतका क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेर बजेट विनियोजन गरेको बताए ।बजेटले विशेष गरी नगरलाई 'सुन्दर र उज्यालो' बनाउने लक्ष्य लिएको छ, जसका लागि वृक्षारोपण, सिसी क्यामरा जडान र सडक बत्ती




व्यवस्थापन जस्ता कार्यक्रम अघि सारिएको छ । रोजगारी तथा स्वरोजगारी सिर्जना गरी उद्यमशीलता प्रवर्द्धन गर्ने, विपद व्यवस्थापनमार्फत नदी कटान र डुबान जस्ता जोखिम न्यूनीकरण गर्ने र सेवा प्रवाहलाई छिटोछरितो र सुशासनयुक्त बनाउने जस्ता महत्वपूर्ण उद्देश्यहरू बजेटले बोकेको नगर उपप्रमुख संग्रौलाले बताए ।

विषादीमुक्त नगर कार्यक्रमलाई निरन्तरता दिँदै नगरपालिकाले कृषिमा आधुनिकरणको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने जनाएको छ । विषादीरहित तरकारीको बजार व्यवस्थापन कार्यलाई निरन्तरता दिँदै नगरपालिकाले व्यावसायिक तरकारी उत्पादनतर्फ किसानलाई आकर्षित गर्न न्यूनतम् समर्थन मूल्य अनुदान कार्यक्रमलाई थप पारदर्शी र प्रभावकारी बनाउने नीति अघि सारेको छ ।

बिर्तामोड नगरलाई पशुपंक्षी तथा मत्स्यपालनको क्षेत्रमा बृहत रूपमा विकास गरी दूध, अण्डा, माछा तथा मासुमा आत्मनिर्भर बनाउँदै लैजाने नीति अघि सारिएको नगर प्रमुख प्रसाईले बताइन् ।

बजेटको स्रोत व्यवस्थापन

कुल बजेटको स्रोत जुटाउन नगरपालिकाले विभिन्न क्षेत्रहरू निर्धारण गरेको छ । जसअनुसार संघीय सशर्त कार्यक्रमबाट ७६ करोड ३ लाख, आन्तरिक स्रोतबाट. २१ करोड १४ हजार,संघीय समानीकरण अनुदाबाट. २० करोड ३२ लाख, जग्गा रजिष्ट्रेशनबाट १२ करोड ५० लाख, संघीय राजश्व बाँडफाँटबाट १० करोड ७६ लाख, प्रदेश समानीकरण अनुदानबाट १ करोड ९७ लाख ५२ हजार, प्रदेश राजश्व बाँडफाँटबाट १ करोड ४५ लाख, प्रदेश सशर्त कार्यक्रमबाट २ करोड ८० लाख, प्रदेश समपूरक अनुदान १ करोड प्राप्त हुने अनुमान गरिएको छ ।

चालु वर्षको समीक्षा

बजेट प्रस्तुत गर्ने क्रममा उपप्रमुख संग्रौलाले चालु आर्थिक वर्ष २०८१/०८२ को जेठ मसान्त सम्मको आयको यथार्थ विवरण पनि प्रस्तुत गरेका थिए । चालु आवमा विभिन्न शीर्षकबाट गरी १ अर्ब ५ करोड ४३ लाख ८० हजार ४६१ रुपैयाँ आम्दानी भएको थियो।

वडाको विकासका लागि १० करोड

वडास्तरीय योजना कार्यान्वयनका लागि नगरपालिकाले १० करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । विपत् व्यवस्थापनको लागि ५० लाख रुपैयाँ छुट्याइएको छ भने नदीजन्य सामग्री खरिद सङ्कलन गर्नका लागि ८० लाख रुपैयाँ विनियोजन गरिएको छ ।

फोहोरमैला व्यवस्थापनका लागि ६० लाख विनियोजन गरिएको उपप्रमुख संग्रौलाले जानकारी दिए । बिर्तामोड नगर अस्पतालका लागि २ करोड ५० लाख रुपैयाँ छुट्याइएको छ । १५ शैयाको नगर अस्पतालको भौतिक पूर्वाधार सुधारको काम समेत भइरहेको छ ।

विपन्न बीमा स्वास्थ्य कार्यक्रमका लागि ७० लाख विनियोजन गरिएको छ । कृषि पशुपंछी तथा मत्स्य विकासका लागि १ करोड ९३ रुपैयाँ छुट्याइएको छ । नगर खेलकुद कार्यक्रमका लागि ४० लाख रुपैयाँ विनियोजन गरिएको छ । विपन्न आवास कार्यक्रमका लागि १ करोड रूपैयाँ बजेट व्यवस्थापन गरिएको छ ।

मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापनाका लागि सहलगानी बापत ६७ लाख रुपैयाँ छुट्याइएको छ । प्रशासनिक खर्चमा २२ करोड ५० लाख विनियोजन गरिएको छ । नगर गौरव योजनाका लागि ४ करोड ८३ लाख १० हजार रुपैयाँ छुट्याइएको छ ।

## बिर्तामोडलाई पूर्ण खोप नगरपालिका घोषणा

बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना नगरपालिका घोषणा गरिएको छ।

१६ महिनादेखि २३ महिनासम्मका सबै बालबालिकालाई १५ महिनाको उमेरभित्र राष्ट्रिय खोप तालिकाअनुसार आवश्यक सबै खोपहरू उपलब्ध गराएको आधारमा नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा गरिएको हो ।

दोस्रो नगरसभाको सातौं अधिवेशनको प्रथम बैठक सम्पन्न भएपछि आयोजित एक विशेष कार्यक्रममा नगर प्रमुख पवित्रा महतारा प्रसाईले औपचारिक रूपमा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना नगरपालिका घोषणा गरिन् ।

नगर पूर्ण खोप सुनिश्चित भएसँगै दशवटै वडाका स्वास्थ्य संस्थाहरूलाई प्रमाणपत्रसमेत वितरण गरिएको छ। साथै, २०८२ सालको लागि पनि खोप कार्यक्रमप्रति प्रतिबद्धता जनाउँदै नगर प्रमुख पवित्रा महतारा प्रसाई, उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, प्रमुख प्रशासकीय अधिकृत सागर मिश्र, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू तथा अन्य सम्पूर्ण जनप्रतिनिधिहरूले प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेका छन् ।

## इलाममा लागूऔषध बढ्दो ,११ महिनामा ५१ जना पक्राउ

झापा(प्रस) । खुल्ला सिमाना र झापासंग जोडिएको इलाम जिल्लामा लागूऔषध बढ्दो अवस्थामा रहेको छ ।

विगतको तुलनामा लागूऔषधको प्रयोग र कारोबार बढ्दै गएको हो । इलाम प्रहरीका अनुसार इलाम जिल्लामा दर्ता हुने मुद्धाहरुमध्ये लागूऔषध मुख्य रहेको छ । गत आर्थिक वर्ष २०८०-०८१ मा १८ वटा मुद्धा दर्ता भई ३२ जना पुरुष, एक महिला र एक बालक गरी ३४ जना पक्राउ परेका थिए भने चालु आर्थिक वर्षको ११ महिनामा २७ वटा मुद्धा दर्ता भई ४७ जना पुरुष , २ महिला , एक बालक र एक बालिका गरी ५१ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

गत आवभन्दा यस वर्ष ३३.३३ प्रतिशतले लागूऔषधका मुद्धा दर्ता बढेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । यस आर्थिक वर्षमा प्रतिवादी संख्या ३३.३३ प्रतिशत पक्राउ परेका छन् भने ५१ लागूऔषधमा पक्राउ परेका ५१ जनामध्ये १२ जना पुर्पक्षका लागि कारागार चलान भएका छन् । त्यस्तै २६ जना धरौटीमा छुटेका छन् भने ४ जनालाई अभिभावकको जिम्मा लगाई छाडिएको र बाँकी ९ जनामाथि अनुसन्धान भइरहेको जनाइएको छ ।

गत आर्थिक वर्ष र यस आर्थिक वर्षमा ब्राउनसुगर २५ ग्राम ९६ मिलिग्राम बरामद भएको छ । त्यस्तै गाँजा ८१६ ग्राम बरामद भएको छ भने अफिम ३ ग्राम ३९० मिलिग्राम बरामद गरिएको छ । नाईट्रोसन ४ट्याब्लेट, लोरी -२ नामक ३४ पिस,निक्लाम-१० नामक २० पिस, कोडेप नामक ८ पिस, कोइटियापिन नामक २० पिस, प्रेगाव्लिन नामक १० पिस प्रतिबन्धित औषधीसमेत बरामद गरिएको छ । यस आर्थिक वर्षमा ब्राउनसुगर तथा अन्य प्रतिबन्धित औषधी बढी मात्रामा बरामद गरिएको प्रहरीले जनाएको छ ।इलाममा लागूऔषधको समस्या चुनौति बन्दै गएको जिल्ला प्रहरी कार्यालय इलामका प्रमुख प्रहरी उपरीक्षक एकनारायण कोइरालाले बताए । उनले प्रहरीको सक्रियता र बढ्दो चेकजाँचका कारण बरामद लागूऔषधको मात्रा र पक्राउ संख्या बढेको जानकारी दिए ।

## गौहत्यामा संलग्न चारजना पक्राउ



झापा(प्रस)। ताप्लेजुङमा गौहत्यामा संलग्न चारजना पक्राउ परेका छन् । सोमवार साँझ ५:३० बजे ताप्लेजुङ फुङलिङ नगरपालिका -८ घुमाउने टोलमा गाई काटेर मासु भाग लगाइरहेको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा फुङलिङ -८ बस्ने ६१ वर्षीय डिल्ली शेर्पा, सोही ठाउँ बस्ने ६० वर्षीय मानबहादुर तामाङ , ४८ वर्षीय पासाङ दावा शेर्पा र २९ वर्षीय सुवास तामाङ रहेका छन् । जिल्ला प्रहरी कार्यालय ताप्लेजुङबाट खटिएको प्रहरी टोलीले मासु, मासु काट्न प्रयोग गरेको २ थान खुकुरी र अचानो बरामद गरेको छ । उनीहरुलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय ताप्लेजुङमा ल्याई थप अनुसन्धान भइरहेको जनाइएको छ ।

## एघार महिनामा २० अर्ब बढी व्यापार घाटा

• लक्ष्मी उप्रेती

मेचीनगर । चालू आर्थिक वर्षको एघार महिना अर्थात साउनदेखि जेठ मसान्तसम्म पूर्वी नाकाबाट हुने व्यापारमा नेपालले २० अर्बभन्दा बढी व्यापार घाटा व्यहोरेको छ ।

मेची भन्सार कार्यालय काँकरभिट्टाले सार्वजनिक गरेको तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०८१/०८२ को जेठ मसान्तसम्ममा २० अर्ब ४४ करोड १५ लाख व्यापार घाटा पुगेको हो ।

गत आर्थिक वर्षको सोहि अवधिको तुलनामा चालु आर्थिक वर्षमा वैदेशिक व्यापारको आँकडा थोरै घटेको छ । गत आर्थिक वर्षको जेठ मसान्तसम्मको तुलनामा चालु आर्थिक वर्षको सोहि अवधिमा १८ अर्ब ५३ करोड ८२ लाख ७२ हजार रुपैयाँ व्यापार घाटा थियो ।

चालू आवको जेठ मसान्तसम्मको अवधिमा ४३ अर्ब ७२ करोड ५० लाख ५६ हजार रुपैयाँ बराबरको वस्तु आयात भएको छ ।




कार्यालयका अनुसार यस अवधिमा २३ अर्ब २८ करोड ३५ लाख ५६ हजार रुपैयाँ बराबरको निर्यात भएको छ । कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंका अनुसार कार्यालयले आयातबाट चालु आवको एघार महिनामा १४ अर्ब २० करोड १७ लाख १८ हजार रुपैयाँ राजस्व प्राप्त गरेको छ भने, गत आवको सोहि अवधिमा १२ अर्ब ७९ करोड ३ लाख ९८ हजार रुपैयाँ राजस्व संकलन गरेको थियो ।

निर्यातबाट भने चालु आवको एघार महिनामा २३ करोड ७५ लाख १९ हजार र गत आवको सोहि अवधिमा १४ करोड १३ लाख४१ हजार रुपैयाँ राजस्व प्राप्त गरेको सरकारी अभिलेख छ । चालु आवको यो अवधिमा कार्यालयले आयात तथा निर्यातबाट १४ अर्ब ४३ करोड ९२ लाख ३७ हजार रुपैयाँ राजस्व संकलन गरेको छ । गत आवको यो अवधिमा १२ अर्ब ९३ करोड १७ लाख ३९ हजार रुपैयाँ राजस्व संकलन भएको थियो ।

गत आर्थिक वर्षको एघार महिनामा ४० अर्ब ७७ करोड ६४ लाख ४८ हजार रुपैयाँका सामान आयात हुँदा २२ अर्ब २३ करोड ३७ लाख ६ हजार रुपैयाँका नेपाली वस्तु निर्यात भएको कार्यालयले जनाएको छ । त्यस अवधिमा निर्यातबाट मात्र १४ करोड १३ लाख ४१ हजार र आयातबाट १२ अर्ब ७९ करोड ३ लाख ९८ हजार गरी कुल १२ अर्ब ९३ करोड १७ लाख ३८ हजार रुपैयाँ राजस्व संकलन गरेको कार्यालयले जनाएको छ ।

पूर्वी काँकरभिट्टा नाका भएर नेपालले आयात गर्ने मुलुकमा भारत, चीन, बंगलादेश, भुटान, मलेशिया, अष्ट्रेलिया, ताञ्जिनियाँ, थाइल्याण्ड, इण्डोनेशिया यूएसएलगायत रहेका छन् । त्यसैगरी, नेपालले भारत, युएस, अमेरिका, बंगलादेश, रसिया, भुटान, जर्मनी, श्रीलंका, क्यानडा, इराक र

❖ बाँकी अन्तिम पृष्ठमा

## मोबाइल पार्टस तथा इलेक्ट्रोनिक्स सामानहरु बरामद



झापा(प्रस)। सशस्त्र प्रहरीले मोबाइल पार्टस तथा इलेक्ट्रोनिक्स सामानहरु बरामद गरेको छ । सोमवार दिउँसो २.५५ बजे मेचीनगर नगरपालिका ७ जोरसिमलस्थित पूर्वपश्चिम लोकमार्गमा सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण हेक्वा झापा मातहत (प्रस्तावित) सीमा सुरक्षा गुल्म काँकरभिट्टा झापाबाट खटिएको गस्ती टोलीले भारतबाट भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको ३ लाख ५५ हजार ७०० रुपैयाँ बराबरको मोवाइल पार्टस तथा इलेट्रोनिक्स सामानहरु बरामद गरेको हो । ती सामानहरु आवश्यक कारबाहीको लागि मेची भन्सार कार्यालय काँकरभिट्टामा दाखिला गरिएको सशस्त्र प्रहरी बल नेपाल नं. २ गण हे.क्वा. झापाका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक सुमन पोखरेलले जानकारी दिएका छन् ।

## धानको बीउ काद्दा काद्दै सन्थालको मृत्यु



झापा(प्रस) । झापाको बिर्तामोडमा धानको बीउ काद्दा काद्दै एकजनाको मृत्यु भएको छ । सोमवार बिहान १० बजेतिर बिर्तामोड १० का जीवन पाठकको खेतमा बीउ काद्दा काद्दै शिवसताक्षी नगरपालिका ३ बस्ने अन्दाजी २७ वर्षका धिरेन सन्थालको मृत्यु भएको हो ।

छारे रोगको समस्या भएका सन्थाललाई बीउ काद्दा काद्दै रोगले च्यापेको थियो । मृतकको शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ । धिरेन विगत १० दिनदेखि पाठकको घरमा काम गर्दै आएका थिए ।

# इजरायल–इरान युद्धमा अमेरिकी सक्रियताले थप तनाव बढ्ने चिन्ता

एजेन्सी । इजरायल र इरानबीच गत हप्तादेखि युद्ध जारी छ। दुई देशको युद्धमा अमेरिकी संलग्नता सँगै विश्वको चासो झन् बढेको छ। अमेरिकाले सबैभन्दा सुरक्षित फोर्दोसहितका इरानको मुख्य परमाणु अड्डाहरूमा आक्रमण गरी उसलाई अस्थिर बनाइदिएको अन्तरराष्ट्रिय संचारमाध्यमहरूले उल्लेख गरेका छन्।

राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको भूमिगत फोर्दो परमाणु अड्डामा भारी विशाल अर्डनेन्स पेनिट्रेटर बम (१३,६०० किलोग्राम) खसाल्ने अनुमति दिएसँगै नतान्ज र इस्फहानलाई पनि निशाना बनाइएको छ।


ट्रम्पले तीनवटै परमाणु अड्डा पूर्ण नष्ट भएको घोषणा गर्दै इरानले जवाफी कारबाही गरे अत्यधिक शक्तिशाली आक्रमण गरिने चेतावनीसमेत दिएका छन्।

इरानका सर्वोच्च नेता आयतुल्लाह अली खामेनीले यसअघि नै अमेरिकालाई युद्धमा संलग्न भए उसले अपूरणीय क्षति बेहोर्नुपर्ने र इरानले सबै विकल्पमा विचार गर्ने चेतावनी दिइसकेको छन्।

रिभोलुस्नरी गार्डस्ले अमेरिकी आक्रमणपछि बक्तव्य जारी गर्दै 'अमेरिका आफ्नो कर्मप्रति पछुताउनेछ', भनेको छ। उसले सहजै आक्रमण गर्न सकिने अड्डाहरूको सूची पनि जारी गरेको छ। इरान, बहराईन, कतार, संयुक्त अरब इमिरेट्स(यूएई), साउदी अरब, कुवेत, जोर्डन र सिरियामा अमेरिकी सैन्य अड्डा छन्। कतारमा विशाल अल उदैद एयर बेस र बहराइनको नौ सैनिक अड्डासहित ती सबै इरानको ब्यालेस्टिक मिसाइलको रेन्जमा छन्।

इरानले शीर्ष कमान्डर कासिम सुलेमानीको हत्याको बदला लिनका लागि इराकस्थित अमेरिकी सेनाको अड्डा अल असद एयर बेसमा आक्रमण गरेको थियो। इरानका राजनेता र सैन्य अधिकारीले केही वर्षदेखि होर्मुज स्ट्रेट बन्द गर्ने धम्की दिँदै आएका छन्।

इरानको पश्चिमा मुलुकहरूसँगको तनाव बढ्दा होर्मुज बन्द दोहोर्‍याउने गरेको छ। फारसको खाडी र ओमानको खाडीबीच अवस्थित होर्मुज स्ट्रेड एउटा संकीर्ण समुद्री मार्ग हो। विश्वमा ढुवानी हुने कुल तेलको पाँचौ हिस्सा यही मार्ग भएर जान्छ।



होर्मुज बन्द गरिए यसको सिधा असर विश्वको तेल बजार र अमेरिकाको अर्थव्यवस्थामा पर्ने कट्टरपन्थीहरूको तर्क छ। इजरायलसँगको युद्ध र अमेरिकी हस्तक्षेपपछि इरानका लागि लडाकुहरूको समूह अप्ठ्यारो समयमा काम लाग्ने मित्र सावित हुनसक्छन्। यिनीहरूले साथमा मिलेर अमेरिकी अड्डाहरू र आपूर्तिका बाटामा सानै आक्रमण गरे पनि अमेरिकाका लागि चिन्ताको विषय बन्ने विश्लेषकहरू बताउँछन्।

इजरायलसँग २०२३ अक्टोबरदेखि २०२४ नोभेम्बरसम्म भएको लडाइँमा हिजबुल्लाह कमजोर भइसकेको छ। उसले इरानी सेनालाई प्रत्यक्षरूपमा मद्दत गर्ने कुनै वाचा गरेको छैन। हिजबुल्लाहमाथि हतियार छाडेर देशको पुनःनिर्माण र आर्थिक संकट सुल्झाउने कार्यमा सहयोग गर्न लेवनान सरकार र मिडियाको दबाब छ।

यमनको हुथी विद्रोहीले पनि यो युद्धका क्रममा इजरायलमाथि आक्रमणमा कुनै प्रगति गरेको देखिँदैन। यद्यपि अमेरिकाको ताजा आक्रमणअघि र पछि उसले लाल सागरमा अमेरिकी जहाजलाई निशाना बनाउने चेतावनी दिएको थियो।

इराकले पनि अहिलेसम्म अमेरिकालाई चेतावनी दिएर नै इरानको समर्थन गरेको छ। इरानका सहयोगी बशर अल असदको सत्ता ढलेपछि सिरियामा पनि दमास्कस सरकार र प्रोक्सी (सहयोगी) गुटहरूबाट समर्थन कम हुने संकेत देखिएको अन्तर्राष्ट्रिय संचारमाध्यमहरूले जनाएका छन्।

इरानले पहिलो दिन इजरायलविरुद्ध १५० क्षेप्यास्त्र हानेको थियो अहिले भने घटाएर प्रतिदिन ३० क्षेप्यास्त्र खसालेको छ। इजरायलको आक्रमणको एक हप्तापछि अमेरिकाले इरानमाथि आक्रमण गरेको छ।

इजरायलले इरानको परमाणु र ब्यालेस्टिक मिसाइल कार्यक्रमबाट उत्पन्न हुने अस्तित्वसम्बन्धी खतराको अन्त्य गर्ने उद्देश्य रहेको बताएको छ।

इरानको स्वास्थ्य मन्त्रालयका अनुसार अहिलेसम्मको युद्धमा आफ्ना ४३० जना मारिएको बताएको छ। मानवअधिकारवादी संगठनले भने मर्नेको संख्या दोब्बर रहेको बताएको छ। इरानले क्षेप्यास्त्र प्रहार गरी इजरायलमाथि जवाफी कारबाही गरेको छ, जसमा २४ जना मारिएका इजरायलको भनाई छ।

इरान सरकारले आम-नागरिकका लागि इन्टरनेट सेवामा प्रतिबन्ध लगाएको छ। अमेरिकी हस्तक्षेपसँगै पश्चिम एसियामा तनाव गहिरिँदै गएको विश्लेषकहरू बताउँछन्।

अमेरिकी सैन्य कारबाहीसँगै इजरायल-इरान टकराब थप बढ्ने खतरासँगै मुस्लिम र अरब देशहरूको कडा प्रतिक्रियासमेत आइरहेको छ। साउदी अरबलगायतका कयौँ देशहरूले यसलाई अन्तर्राष्ट्रिय कानुनको उल्लंघन र क्षेत्रीय स्थिरतालाई लिएर गम्भीर खतरा भनेका छन्। धेरै जसो देशहरूले अमेरिकी आक्रमणको आलोचना गर्दै तुरुन्त तनाव कम गर्ने र कूटनीतिक संवाद बहाल गर्दै अन्तर्राष्ट्रिय नियमको पालना गर्न माग गरेका छन्।

साउदी अरबले निक्कै संवेदनशील समयमा संकटको राजनीतिक समाधान निकालेर युद्धग्रस्त क्षेत्रमा सुरक्षा र स्थिरता हासिल गर्नका लागि नयाँ अध्याय सुरु गर्न आफ्ना प्रयासहरू तीव्र पार्न अन्तर्राष्ट्रिय समुदायलाई अपिल गरेको छ।

कतारले इरानी परमाणु अड्डामा अमेरिकी आक्रमणका कारण स्थिति थप बिग्रने जोखिम बढेको भन्दै क्षेत्रीय तनावलाई लिएर गम्भीर चिन्ता व्यक्त गरेको छ। उसले सबै सैन्य अभियानलाई तत्काल रोक्न अपिल गरेको छ।

ओमानले इरानभित्र अमेरिकी हवाई आक्रमण गैर-कानुनी भन्दै कडा निन्दा गरेको छ। उसले यसलाई अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रसंघीय चार्टरको सिधा उल्लंघन भन्दै सबै पक्षलाई स्थिति शान्त गर्न अपिल गरेको छ।

इराकले पनि अमेरिकी आक्रमणको निन्दा गर्दै यसलाई मध्यपूर्वको शान्ति र सुरक्षाका लागि गम्भीर खतरा भनेको छ। इराकले यस्ता आक्रमणबाट पूरै क्षेत्रको स्थिरतामा असर गर्ने बताएको छ।

इजिप्ट र लेबनानले पनि अमेरिकी आक्रमणपछि क्षेत्रमा अराजकता र तनाव बढ्ने खतरा पैदा भएको भन्दै वर्तमान अवस्थामा सैन्य समाधान नभएर राजनीतिक समाधान र कूटनीतिक वार्तामार्फत संकटबाट बाहिर निस्कने उपाय खोज्नुपर्नेमा जोड दिएका छन्।

तर इरानले कूटनीतिक बाटो बन्द भएको बताएको छ। इरानी विदेशमन्त्री अब्बास अराग्चीले कूटनीतिक मार्ग पहिले इजरायलले बन्द गरेको र फेरि अमेरिकाले त्यसलाई ध्वस्त पारिदिएको बताएका छन्। इरानको परमाणु कार्यक्रमको मुद्दामा अमेरिका र इरानबीच वर्षौंपछि फेरि वार्ता सुरु भएको थियो।

गत हप्ता अमेरिका र इरानबीच परमाणु सम्झौतालाई लिएर छैठौं चरणको वार्ता हुने तय भएको थियो तर इजरायली आक्रमणका कारण वार्ता अगाडि बढ्न सकेन।

# युवा व्यवसायी श्रीवास्तवद्वारा राहत कोषमा सहयोग



झापा(प्रस) । बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको व्यवसायी सदस्य राहत कोषमा थप २१ हजार रुपैयाँ जम्मा भएको छ ।

बिर्तामोडका युवा व्यवसायी तथा गरिमामल्टिपल प्रपोज प्रा.लि. र गरिमा एक्पोट ,इम्पोट प्रा.लि.का सञ्चालक श्याम श्रीवास्तवले कोषको रकम वृद्धिका लागि २१ हजार रुपैया प्रदान गरेका हुन् । उनले आफ्नो जन्मदिनको अवसर पारेर सो रकम प्रदान गरेका थिए । उनले बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेलाई सो रकम प्रदान गरेका हुन् ।

बिर्तामोड उद्योग वाणिज्य संघमा आयोजित कार्यक्रमका बीच श्रीवास्तवले उक्त रकम प्रदान गर्दै आफ्नो वैवाहिक वर्षगाँठमा समेत ३० हजार रुपैयाँ प्रदान गर्ने घोषणा गरे ।

कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष राजकुमार घिमिरे राजु, उद्योग उपाध्यक्ष विशाल थापा , सचिव राजकुमार शाह ,पुकार वराल , युनिकम नेपालका अध्यक्ष गजेन्द्र पौडेल लगायतको सहभागिता रहेको थियो। कार्यक्रमको संचालन संघका उपाध्यक्ष जीवन खड्काले गरेका थिए ।

# एकल महिला दिवसको अवसरमा विविध कार्यक्रम

भद्रपुर(प्रस) । मानव अधिकारका लागि महिला एकल महिला झापाले १५ औं अन्तर्राष्ट्रिय एकल महिला दिवसको अवसर पारेर विविध कार्यक्रम सम्पन्न गरेको छ ।




स्थापना दिवसको अवसरमा एकल महिलाको छहारी चन्द्रगढीमा उत्कृष्ट महिला सम्मानसहित प्रवचन कार्यक्रम आयोजना गरिएको थियो । मानव अधिकारका लागि महिला एकल महिला झापाकी अध्यक्ष रेखा अधिकारीको अध्यक्षता तथा घरेलु तथा साना उद्योग कार्यालय झापाकी प्रमुख पुष्पलता उप्रेतीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा गुरूकुल वेद विद्याश्रम भद्रपुरकी अध्यक्ष शान्ता वराल, सामाजिक व्यक्तित्व देवेन्द्र गौतम लगायतले मन्तव्य राख्दै एकल महिलाप्रति सामाजिक दृष्टिकोण समयानुकूल बदलिनु पर्ने धारणा राखेका थिए । कार्यक्रममा अग्रज एकल महिलालाई सम्मान गरिएको थियो ।

बिर्तामोड नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

सेवा प्रवाह बन्द हुने बारेको सूचना

उपरोक्त विषयमा यही मिति २०८२ साल असार ०९ गते सोमबार बिर्तामोड नगरपालिकाको दोस्रो नगरसभाको सातौं अधिवेशन हुने भएकाले मिति २०८२।०२।१६ गतेको कार्यपालिका बैठकको निर्णयानुसार उक्त दिन अत्यावश्यक बाहेकका सम्पूर्ण सेवा प्रवाह बन्द हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सेवा प्रवाह बन्द भएको कारणले सेवाग्राहीमा पर्न गएको असुविधा प्रति बिर्तामोड नगरपालिका क्षमाप्रार्थी छ ।

सागर मिश्र
प्रमुख प्रशासकिय अधिकृत

# झापामा जुनियर जेसीजले लागूऔषधविरुद्ध साइकल र्‍याली गर्ने




बिर्तामोड(प्रस) । वीरता जुनियर जेसीज बिर्तामोड, भद्रपुर जुनियर जेसीज र धुलावारी जुनियर जेसीजको संयुक्त आयोजनामा लागूऔषधविरुद्ध कोरा साइक्लिङ हुने भएको छ। गत असार ३ गते धुलाबारीस्थित पासाङल्हामू जेसीज प्रतिष्ठानमा वीरता जुनियर जेसीजका अध्यक्ष अस्मित गोसाई , भद्रपुर जुनियर जेसीजका अध्यक्ष सनम शाशंकर, धुलाबारी जुनियर जेसीजका अध्यक्ष सृजित ढुंगानाको अध्यक्षतामा बसेको संयुक्त बैठकले सो निर्णय गरेको हो।

यही असार १७ र १८ गते "सामाजिक उत्तरदायित्वमा जुनियर जेसीजः लागूऔषधविरुद्ध साइकल र्‍याली र वृहत शैक्षिक सामग्री एवम् खाद्यान्न वितरण अभियान " सञ्चालन गरिने वीरता जुनियर जेसीज बिर्तामोडका अध्यक्ष गोसाईले बताए। कोरा साइक्लिङअन्तर्गत झापाका तीन वटा जुनियर जेसीजको आयोजनामा लागू औषधविरुद्ध साइकल र्‍याली, वृक्षारोपण , खाद्यान्न तथा शैक्षिक सामग्री वितरण, पर्यटन प्रबर्द्धन एवं तालिमलगायतका कार्यक्रम गरिने उनले बताए।

काँकडभिट्टा नाकामा देखिएको बढ्दो लागूऔषध दुरूव्यसन न्यूनीकरण गर्नका लागि काँकडभिट्टादेखि निन्दा सिरानसम्म लागूऔषधविरुद्धको साइकल र्‍याली निकालिने भएको बताउँदै उनले यो कार्यक्रमले बढ्दो लागूऔषध दुर्व्यसनबिरूद्ध सकारात्मक सन्देश दिने जनाए।

कोरा साइक्लिङमा सहभागीहरूले साइकल र सवारीसाधनमा लागूऔषध बिरूद्धका नारासहित यात्रा गर्दै निन्दा सिरानबाट थप दुई घण्टा ट्रेकिङ गर्दै स्थानीय प्राथमिक विद्यालयसम्म पुगेर त्यहाँ वृक्षारोपण गरी विद्यार्थीहरूलाई स्टेशनरी वितरण गरिने भद्रपुर जुनियर जेसीजका अध्यक्ष सनम शाशंकरले बताए । कार्यक्रमको दोस्रो दिन अति विपन्न समुदायलाई खाद्यान्न वितरण गरिने उनले बताए ।

धुलाबारी जुनियर जेसीजका अध्यक्ष सृजित ढुंगानाले आफूहरूको यस अभियानले युवालाई सकारात्मक क्रियाकलापतर्फ उन्मुख गराउने, लागूपदार्थ दुर्व्यसनबाट जोगाउने र समाजमा सहकार्य, सद्भाव र मानवताको सन्देश फैलाउने बताए।

कार्यक्रमको संयोजकहरूमा वीरता जुनियर जेसीजका सञ्चार संयोजक युनिस कार्की , भद्रपुर जुनियर जेसीजका कानूनी सल्लाहकार प्रतिक लम्साल, धुलाबारी जुनियर जेसीजका अतित गौतम रहेका छन्।

# इरानमा रहेका १६ नेपाली नागरिकमध्ये ५ जना जेलमा



झापा(प्रस) ।

सरकारले इजरायलसँग युद्धमा रहेको देश इरानमा १६ नेपाली रहेको जनाएको छ । सोमबार प्रतिनिधिसभा बैठकमा आगामी आर्थिक वर्षको बजेटबारे सांसदहरूले उठाएको प्रश्नमा जवाफ दिने क्रममा परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले इरानमा १६ जना नेपाली रहेको जानकारी दिएकी हुन् ।

'इरानमा १६ नेपाली रहनुभएको छ । ११ जना मसाद भन्ने स्थानमा हुनुहुन्छ । ५ जना भने गैरकानुनी रूपमा गएकाले इरानको जेलमा हुनुहुन्छ,' राणाले भनिन् ।

उनले मंगलबार भारतीय विमानमा ११ जना भारतसम्म आइपुग्ने जानकारी समेत संसदलाई दिइन् । भारतले आफ्ना नागरिकलाई उद्धार गर्दा नेपालीलाई पनि उद्धार गरिदिने बताएकाले सरकारले सहमति जनाएको उनको भनाइ छ ।

११ जनामध्ये एक जनाको ट्राभल डकुमेन्ट नभएकाले बनाउन प्रक्रिया सुरु भएको सो क्रममा परराष्ट्र मन्त्री डा. राणाले जानकारी दिइन् ।

यसैगरी ५ जना नेपाली नागरिक गैरकानुनी रूपमा त्यहाँको जेलमा रहेकाले यही अवस्थामा कसरी छुटाउन सकिन्छ भनेर पहल भइरहेको उनको भनाइ छ ।

## एघार...

इटालीलगायतका मुलुकमा नेपाली उत्पादन निर्यात गर्दछ ।

पूर्वीनाकाबाट नेपालले सबैभन्दा बढी वैदेशिक व्यापार गर्ने छिमेकी मुलुक भारतसँग मात्र यो अवधिमा निक्कै व्यापार घाटा व्यहोरेको बताइएको छ । पेट्रोलियम पदार्थ जुट तथा जुटका उत्पादनहरु, तरकारी, खनिज उत्पादन, दलहन, मेसिनरी तथा पार्टपूर्जा, यातायातका साधनका तिनका पार्टपूर्जा, फलफूल, प्लाष्टिकका कच्चा पदार्थ, फलाम तथा फलामका सामाग्रीहरु यो नाका भएर आयात हुने गरेका छन् ।

नेपालमा उत्पादन भएका अलैंची , फलामे पाता, चिया, प्लाइउड, कुकुर वा विरालो खाना,अम्रिसो, भेनियर सीट, मोलासिस,सिमेन्ट क्लिङ्कर अदुवा सुठो निर्यात हुने गरेको छ । चालु आवको एघार महिनामा (डिजल, पेट्रोल मटिट्तेल एलपिजी ग्यास) लगायतका पेट्रोलियम पदार्थ आयात गर्नका लागि १६ अर्ब १९ करोड १५ लाख १८ हजार रुपैयाँ खर्चिएको छ। आयातबाट प्राप्त कूल राजस्वमा मुख्य १० वस्तुबाट प्राप्त राजस्वको योगदानमा पेट्रोलियम पदार्थको हिस्सा भने ६० दशमलव ५५ प्रतिशत रहेको छ । २ अर्ब ५४ करोड ९१ लाख ६ हजार रुपैयाँ बराबरको तरकारी आयात भएको छ ।

पूर्वी नेपालको मुख्य प्रवेशद्वारका रुपमा विक्रम संम्वत २०१३ (इ.सं. १९५६) सालमा स्थापित मेची भन्सार कार्यालय नेपालकै ठूला भन्सार कार्यालयहरुमध्ये एक महत्वपूर्ण कार्यालयको रूपमा परिचित छ । मुख्य भन्सार कार्यालयहरु विरगञ्ज, भैरहवा, सुख्खा बन्दरगाह, विराटनगर, रसुवा, त्रिभुवन विमानस्थल, नेपालगञ्ज, र तातोपानीपछि राजस्व संकलनको आधारमा नवौं स्थानमा रहेको छ ।

यस भन्सार कार्यालयबाट भारत, चीन, बंगलादेश, भुटान लगायतका तेस्रो मुलुकहरुबाट समेत मालवस्तु पैठारी र निकासी गरिँदै आएको छ ।

कृषिमा आधुनिकीकरण गरौं ।

- कृषिमा आधुनिक प्रविधिको प्रयोग गरौं,
- बैज्ञानिक खेती पद्दतीको विकास गरौं,
- उन्नत बीउ र जैविक मलको प्रयोग गरौं,
- सिँचाइ प्रणालीमा सुधार गरौं,
- सिँचाइ नभएको स्थानमा बोरिङ्ग र पम्पसेट प्रयोग गरी सिंचाइ गरौं,
- परम्परागत विषादीको प्रयोग गरी किराफट्याङ्ग्रा नियन्त्रण गरौं,
- बजार ब्यवस्थापन प्रणालीको विकास गरौं,
- कृषक समूहमा आवद्ध भई ज्ञान आदान-प्रदान गरौं,
- कृषि प्राविधिकको सहयोग र सल्लाह लिने गरौं ।
- "कृषि क्षेत्रमा आत्मनिर्भर बनौं"

नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सभामुख पदको गरिमा

राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री र प्रधानन्यायाधीशलाई थप विशिष्ठ पदाधिकारीका रूपमा संविधानले राखेको छ। लोकतान्त्रिक मुलुकमा सन्तुलन र नियन्त्रणका निम्ति यी पदाधिकारीलाई विशिष्ठ व्यक्तिका रूपमा सम्मान गर्नुमा तिनलाई दिइएको जिम्मेवारी पनि हो। पदावधिको सुरुमा यिनले पद तथा गोपनीयताको सपथ लिँदै गर्दा सत्य र निष्पक्षताका निम्ति प्रतीक्षा गरेका हुन्छन्। यी पदाधिकारीको काम पक्षपातपूर्ण हुँदैन भन्ने विश्वास राखिएको हुन्छ।

तथापि, बेलाबेला तिनका बारे प्रश्न उठिरहेका हुन्छन्। सकेसम्म यस्ता प्रश्न नउठून भन्नेमा विशिष्ठहरूको ध्यान जानुपर्छ। राज्यले दिएको मानसम्मान र जिम्मेवारीभन्दा ठुलो अरू कुनै पक्ष हुन सक्दैन जसमा उनीहरूले आफूलाई विमुख राख्नु परोस्। प्रतिनिधिसभाको आइतबारको बैठकमा स्वतन्त्र सांसद डा. अमरेशकुमार सिंहले सभामुख देवराज घिमिरेमाथि जुन प्रश्न गरेका छन्, त्यसलाई बेवास्ता गर्न मिल्दैन। प्रतिनिधिसभाका सभामुख र राष्ट्रियसभाका अध्यक्षको भूमिकाले राजनीतिक गतिशीलतालाई मात्र मार्गदर्शन गर्दैन कतिपय अवस्थामा तिनको भूमिकाले प्रक्रियालाई अवरुद्ध गर्ने खतरासमेत रहन्छ। संसदका यी विशिष्ठ पदाधिकारीको निर्वाचनलगत्तै आफ्नो मातृदलसँगको भूमिकाबाट आफूलाई अलग्याउने गरिएको छ। यसरी अलग्गिनुको अर्थ संसदमा आफूले निर्वाह गर्ने भूमिकाप्रति सबैलाई आश्वस्त तुल्याउन सकिन्छ भन्ने नै हो।

सभामुख देवराज घिमिरे सत्तारुढ दल नेकपा (एमाले)बाट सांसदमा निर्वाचित भएका हुन्। उनी सभामुख भएपछि पार्टी परित्याग गरेको भनिएको छ। तर, सांसद सिंहले विनियोजन विधेयकमाथिको छलफलका क्रममा सभामुख घिमिरेलाई प्रस्टैसँग 'तपाईंले दलीय हिसाबले दिएको निर्देशन हामी मान्दैनौं' भनेका छन्। घिमिरेमा यति नैतिक अधिकार हुनुपर्‍यो कि आवश्यकता पर्दा कुनै पनि सांसदलाई सभाबाट बाहिर निकाल्न सकून्। सभामुखमा यो नैतिक अधिकार छैन भन्ने चुनौतीपूर्ण आवाज आउन थालेपछि आफ्नो भूमिकाबारे सोच्नु आवश्यक हुन्छ। 'सभामुख संसदको हो, एमालेको हैन,' सांसद सिंहले भनेका छन्, 'तपाईंलाई सभामुख किन मान्ने? तपाई त एमालेको कार्यकर्ता जस्तो हुनुहुन्छ। बजेट पनि नजाने, बोल्न पनि नपाउने? हामी पनि जनताबाटै चुनिएर आएको हो। तपाईंको दयामायाले आएको हैन।'

२०१५ सालको निर्वाचनपछि सभामुखको भूमिकामा पुगेपछि सन्तनेताका रूपमा चिनिएका कृष्णप्रसाद भट्टराईको भूमिकालाई मानकका रूपमा लिइँन्छ। त्यो संसद् लामो चल्न पाएन। सभामुखको भूमिका कस्तो हुन्छ भन्ने थाहा पाउन २०४८ सालपछिको संसद्लाई हेर्नुपर्ने हुन्छ। तत्कालीन सभामुख दमननाथ ढुंगाना सभामुख भएका बेला संसदले जति गरिमापूर्ण भूमिका निर्वाह गर्‍यो, त्यो क्रमशः कमजोर हुँदै गएको देखिन्छ। तैपनि तारानाथ रानाभाट, रामचन□ पौडेल (वर्तमान राष्ट्रपति), सुवासचन□ नेम्वाङ (स्वर्गीय) को भूमिकाको कुनै न कुनै रूपमा हाम्रो संसद्मा छाप परेको छ। तर, पछिल्ला दिनमा सभामुखको भूमिकालाई निस्क्रिय बनाउनमा सरकार प्रमुखहरूको भूमिका पनि रहेको छ। सभामुख पदको गरिमा बढाउने गरी प्रधानमन्त्रीहरूले भूमिका खेलेका छैनन्। अझ कतिपय अवस्थामा संसद्भन्दा बाहिर राजनीतिक गतिविधि गरेर प्रमुख दलले त्यसको भूमिकालाई कमजोर तुल्याउने काम गरेका छन्।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# राजनीतिक दललाई आर्थिक अनुदान



• रामजी दाहाल

लोकतन्त्रिक व्यवस्थालाई संसारकै उत्कृष्ट शासनव्यवस्था मानिन्छ । यस्तो व्यवस्थामा प्रमुख अवयवका रूपमा रहेका राजनीतिक दलहरू नै आर्थिक समृद्धि र विकासका सूत्रधारका रूपमा रहेका हुन्छन् । त्यसैले नागरिकका आवाजलाई बुलन्द गरी लोकतान्त्रिक शासनव्यवस्था सफल बनाउने मुख्य दायित्व दलहरूकै हातमा हुन्छ । त्यसैले दलहरूले चुनावी घोषणापत्र, नीति र कार्यक्रममार्फत जनताका आवाजलाई सम्बोधन गर्ने गरेका छन् र हरेक दलले आफ्ना नीति र कार्यक्रमलाई आवधिक निवाचनमार्फत अनुमोदन गराउने गर्छन् । लोकतन्त्रमा जनताबाट अनुमोदित भएको दलले सरकार बनाउने म्यान्डेट पाउँछ तर त्यसको पहिलो सर्त स्वच्छ, निष्पक्ष र पारदर्शी निर्वाचन हो । यो काममा सरकार र दलहरू नैतिक हिसाबले बढी जिम्मेवार हुन्छन् । दलहरूलाई जिम्मेवार र पारदर्शी बनाउन संविधान र कानुनले निर्देशन गरेको हुन्छ ।

नेपालको सन्दर्भमा कुरा गर्दा राजनीतिक दलहरूको इतिहास त्यति लामो छैन । पृथ्वीनारायण शाहको पालादेखि शाह वंशीय शासन व्यवस्था सुरु भए पनि राजनीतिक दलको विकास धेरै पछि मात्र भएको हो । राणा शासन विरोधी आन्दोलनकै क्रममा विसं १९९३ मा प्रजा परिषद्पछि नेपाली राष्ट्रिय कांग्रेस, नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी र गोर्खा परिषद्बाट राजनीतिक दलको विकास भए पनि तिनले मान्यता पाइसकेका थिएनन् । नेपालको अन्तरिम शासन विधान, २००७ पछि बल्ल दलहरूले वैधानिक मान्यता पाएका हुन् । जस अनुसार विसं २०१५ को पहिलो संसदीय निर्वाचनमा राजनीतिक दलले भाग लिएका हुन् । निर्वाचनपछि जारी नेपाल अधिराज्यको संविधान, २०१५ पछि निर्वाचन आयोगमा दल दर्ता हुनुपर्ने अनिवार्य व्यवस्था गरियो तर विसं २०१७ बिपी कोइरालाको निर्वाचित सरकारलाई जबर्जस्ती हटाई शासन सत्ता आफूले लिएर राजा महेन्द्रले पञ्चायती व्यवस्था घोषणा गरी दलहरूमाथि प्रतिबन्ध लगाएसँगै दलहरूको अस्तित्व समाप्त भयो । तर पनि दल प्रजातन्त्र पुनर्बहालीका लागि सङ्घर्ष गरिरहे । विसं २०४६ को परिवर्तनपछि जारी नेपाल अधिराज्यको संविधान, २०४७ मा दल दर्ता गर्न पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरियो ।

राजनीतिक दलहरूका सन्दर्भमा कुरा गर्दा निर्वाचनमा हुने अस्वस्थ प्रतिस्पर्धा, आर्थिक अपारदर्शिता तथा विधान र घोषणापत्रको खिलापमा हुने निर्णयले दल र तिनका नेतामाथि प्रश्न उठ्ने गरेको छ । यसले राजनीतिक दलसम्बन्धी विद्यमान ऐन कानुनमा सुधारको खाँचो देखाउँछ । यसैलाई ध्यानमा राखी निर्वाचन आयोगले तयार पारेको राजनीतिक दलसम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयकको मसौदा गृह मन्त्रालयमा पुगेको छ । आयोगले विधेयकको मसौदाबारे लिखित सुझाव पेस गर्न २०८१ चैत ७ मा दलहरूलाई १५ दिनको समय दिएको थियो । सोही अनुसार एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादीलगायतका दलले आयोगमा सुझाव पेस गरेका छन् ।

अयोगको मसौदामा राष्ट्रिय दलको मान्यता पाउन दलले प्रतिनिधि सभाको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ खसेको सदर मतको कम्तीमा तीन प्रतिशत मत, प्रतिनिधि सभाको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ कम्तीमा ७० प्रतिशत सिटमा उम्मेदवारी दिएको र तीन प्रदेशमा कम्तीमा एक एक सिट प्राप्त गरेको हुनुपर्ने, राष्ट्रको विविधता देखिने गरी समानुपातिक समावेशी भएको देखिने गरी केन्द्रमा केन्द्रीय समिति, प्रत्येक प्रदेशमा प्रदेश समिति, प्रत्येक जिल्लामा जिल्ला समिति र कम्तीमा ८० प्रतिशत स्थानीय तहमा स्थानीय समिति रहेको दल हुनुपर्ने जस्ता सर्त पूरा गर्नुपर्ने प्रस्ताव गरिएको छ । आयोगको यस्तो प्रस्तावले दलहरूमाथि कार्यकर्तामाझ पुग्नका लागि दबाब सिर्जना गर्ने अपेक्षा गरिएको छ ।

पछिल्लो समय नागरिकस्तरबाट दलको उम्मेदवार हुन योग्यता तोक्नुपर्ने दबाब छ । त्यस कारण केन्द्रीय समिति, प्रदेश समिति तथा स्थानीय समितिका पदाधिकारीका लागि मापदण्ड तोक्नु पर्छ । अर्कातिर सङ्घ, प्रदेश र स्थानीय तहबाट निर्वाचित हुन पूरा गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यता किन पनि राख्नु पर्छ भने निर्वाचित जनप्रतिनिधिले पदीय मर्यादाको ख्याल नगरी जथाभाबी दिएका अभिव्यक्तिले निर्वाचन पद्धतिप्रति नै जनस्तरमा वितृष्णा बढेको छ । शैक्षिक योग्यता तोक्दा कम्तीमा जनप्रतिनिधिले पदीय मर्यादाको ख्याल गर्लान् भन्ने अपेक्षा गर्न सकिन्छ । यसका साथै, आयोगमा दर्ता भएका सबै दलका केन्द्रीय कार्यसमितिका पदाधिकारीको सम्पत्ति विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्छ । यति मात्र होइन, निर्वाचनको मुखैमा दल छाडेर अर्को दलमा प्रवेश गरी टिकट लिने प्रवृत्ति हटाउन कुनै पनि तहको निर्वाचनमा कुनै पनि दलको तर्फबाट उम्मेदवार बन्नका लागि कम्तीमा एक वर्षदेखि पार्टीको साधारण सदस्य रहने अनिवार्य व्यवस्था गर्नु पर्छ । यसो गर्न सकिएमा स्वार्थका लागि दल परित्याग गर्ने खेल अन्त्य हुने मात्र होइन, घात अन्तरघातको राजनीति पनि मत्थर हुने छ ।

राज्यकोषबाट आर्थिक सहयोग

लोकतान्त्रिक शासन व्यवस्था भएका मुलुकमा राजनीतिक दललाई लोकतान्त्रिक व्यवस्थाको खम्बा मानिन्छ । त्यसैले कुनै पनि मुलुकका राजनीतिक दल जति लोकतान्त्रिक, समावेशी र पारदर्शी छन्, त्यहाँको राजनीतिक जीवन पनि त्यत्तिकै लोकतान्त्रिक, समावेशी र पारदर्शी हुन्छ भन्ने विश्वास गरिन्छ । पछिल्लो समय राजनीतिक दलका नेताहरूले खास गरी उद्योगी र व्यापारीबाट दल सञ्चालनका लागि लिने गरेका चन्दा तथा आर्थिक सहयोग अत्यन्त चर्चा र चासोको विषय बनेको छ । यस्तो चर्चा विशेष गरी निर्वाचनका समयमा ज्यादा मात्रामा हुने गरेको पाइन्छ ।

अहिले दक्षिण एसियाको मात्र कुरा होइन, संसारभर नै राजनीतिक क्षेत्रमा अदृश्य रूपले, स्रोत नखुलेका, गैरकानुनी रकमको प्रयोग भएको चर्चा छ । त्यसबारे बेला बेलामा टीकाटिप्पणी हुने गरेका पनि छन् । यसबाट नेपाली राजनीति अछुतो छ भन्न सकिँदैन । किनकि नेपालमा पनि राजनीतिक दलहरूलाई मोटो रकम दिएर लाभको पद प्राप्त गरेका खबर बेलाबखत सुन्नमा आएकै हुन् । आर्थिक पारदर्शितामा चुकेका यी र यस्तै अन्य गतिविधिका कारण राजनीतिक दल र तिनका नेताहरूप्रति सिङ्गो समाजको नजर बदलिएको छ । यो वास्तविकता बुझेर पछिल्लो समय राज्यकोषबाट राजनीतिक दललाई आर्थिक स्रोत जुटाउने बहस सुरु भएको छ । किनभने सर्वसाधारणको समर्थन र सहयोगबिना राजनीतिक दलका विचारधारा, दर्शन वा कार्यक्रम अघि बढ्न सक्दैन । त्यसैले यस्ता कार्यक्रम सञ्चालनका लागि आवश्यक आर्थिक स्रोत राज्यकोषबाट दलहरूलाई उपलब्ध गराइनु पर्छ भन्ने अवधारणा अगाडि सारिएको हो । राजनीतिक दल सञ्चालन गर्न कतिपय मुलुकमा राज्यकोषबाट आर्थिक अनुदान दिने अभ्यास सुरु भइसकेको छ । प्रजातन्त्रको जननी मानिने बेलायतले पहिलो पटक यस्तो अभ्यास सुरु गरेको हो । केही वर्ष अघिदेखि मात्र प्रजातन्त्रको अभ्यास गरिरहेको गणतन्त्र इन्डोनेसिया अर्को उदाहरणीय मुलुक हो, जहाँ सरकारले राज्यकोषबाट दलहरूलाई आर्थिक अनुदान दिएको छ ।

अन्तर्राष्ट्रिय अभ्यास हेर्दा कतिपय मुलुकले दलका गतिविधि प्रवर्धन गर्न यस्तो अनुदानलाई संवैधानिक रूपमै उल्लेख गरिएको पाइन्छ । अर्जेन्टिनाको संविधानमा राजनीतिक दलको क्रियाकलाप र नेताहरूको प्रशिक्षणका लागि राज्यले आर्थिक सहायता उपलब्ध गराउने उल्लेख छ । दलहरूले आफ्नो कोषको स्रोत र खर्चको विवरण सार्वजनिक गर्नुपर्ने हुन्छ । कोलम्बियाको संविधानमा दलहरूको राजनीतिक गतिविधि र निर्वाचन अभियान सञ्चालन गर्न राज्यले आर्थिक सहयोग उपलब्ध गराउने उल्लेख छ । उम्मेदवार खडा गर्ने दल, अभियान र नागरिकको महत्वपूर्ण समूहले कानुनले निर्धारण गरेको मतको प्रतिशतका आधारमा यस्तो सुविधा पाउँछन् ।

राजनीतिक गतिविधि सञ्चालनका लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्था कानुनबमोजिम गठन भएर निर्वाचनमा सहभागी हुने दलहरूलाई एउटा निश्चित मापदण्डका आधारमा राज्यकोषबाट दिने उपलब्ध गराउन सकिन्छ । यसो हुँदा दलको आर्थिक अनुशासन त कायम हुन्छ नै साथै तिनलाई आर्थिक क्रियाकलाप पारदर्शी बनाउन दबाब बढ्ने छ । जसले राजनीतिक दल र तिनका नेताको छवि सुधार्न थोरै भए पनि मद्दत गर्ने अपेक्षा गर्न सकिन्छ । निर्वाचन आयोगले राजनीतिक दलसम्बन्धी ऐनको मसौदामा काम गरिरहँदा यो विषय समेट्नुपर्ने देखिन्छ । हुन त आयोगले राजनीतिक दल सञ्चालनका लागि राज्यकोषबाट अनुदान उपलब्ध गराउने नयाँ व्यवस्था मसौदामा प्रस्ताव गरिसकेको छ । जसमा भनिएको छ, आयोगमा दर्ता भएका दलमध्ये राष्ट्रिय मान्यताप्राप्त दललाई नेपाल सरकारले निर्वाचन खर्च तथा दल सञ्चालनका लागि आवश्यक पर्ने रकम राज्यकोषबाट अनुदान स्वरूप उपलब्ध गराउन सक्ने छ । मसौदामा यस्तो अनुदान रकमको लेखा परीक्षण महालेखा परीक्षकबाट गर्ने व्यवस्था छ । राज्यकोषबाट कुन कुन दललाई के के आधारमा अनुदान उपलब्ध गराउने र त्यसको खर्च कहाँ कसरी गर्ने भनेर छुट्टै निर्देशिका बनाएर त्यसलाई थप व्यवस्थित बनाउनु पर्छ ।

निर्वाचन प्रक्रियामा दलहरूको सहभागिताले नै कुनै पनि मुलुकको प्रजातान्त्रिक मूल्यमान्यतालाई जोगाइराखेको हुन्छ । आजको दिनमा विश्वका विकसित एवं ठुला भनिने प्रजातान्त्रिक मुलुकले जुन प्रगति हासिल गर्न सफल भएका छन्, त्यसका पछाडि त्यस देशका राजनीतिक दल अनि निर्वाचन पद्धतिप्रति तिनको प्रतिबद्धताले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । त्यस कारण राजनीतिक दलसम्बन्धी विद्यमान ऐनमा सुधारको गृहकार्य हुँदै गर्दा यस्ता महत्वपूर्ण पक्षलाई समेटेर अघि बढ्नु सिङ्गो मुलुकको हितका पक्षमा हुने छ ।

# सामाजिक न्यायको प्रत्याभूति



• सञ्जीव कार्की

'दलित' शब्द आन्दोलनको साझा नाम र परिचय बने पनि दलितलाई शिल्पी समुदाय भनेर सम्बोधन गरिनु उचित हुने तर्क पनि छन् । दलित र शिल्पी नाममा विवाद भए पनि दलितको पीडा र मुक्तिको विषय सबैको साझा विषय हो । मानव मर्यादा र सामाजिक न्यायको विषय कुनै एक अमुक समूहको विषय मात्र बन्न सक्दैन । दलित शब्दको प्रथम प्रयोक्ता भारतीय गैरदलित सामाजिक अभियन्ता (१८२७- १८९०) ज्योति राव फुलेलाई मानिन्छ । 'दलित' शब्दलाई दलित आन्दोलनको प्रमुख परिचयको रूपमा डा. भीमराव अम्बेडकरले स्थापित गराएका हुन् । नेपालमा पनि २०२४ सालदेखि दलित शब्दको प्रयोग भएर दलित आन्दोलनको साझा नाम रहेको स्वीकारोक्ति आमदलित समुदायको रहेको छ ।

'जात वार्तामा' आहुति, 'आन्तरिक विभेदको वृत्तान्तमा' मेघराज रसाइली र भारतीय लेखकहरूले 'दलित साहित्यको समाजशास्त्र' मा हरिनारायण ठाकुर, 'दलित साहित्यको सौन्दर्यशास्त्र' मा डा. शरणकुमार लिम्बाले, दलित साहित्य एक मूल्याङ्कनमा प्रो. चमनलाललगायत लेखक र नेपालमा पनि दलित विषयमा कलम चलाउनेले ज्योति राव फुलेलाई दलित शब्द प्रयोग गर्ने प्रथम व्यक्तिका रूपमा स्वीकार गरेर दलित आन्दोलनमार्फत नेपालको संविधान २०७२ मा पनि दलित शब्दको प्रयोग धारा २४, ४०, ४२ र धारा २५५ मा प्रयोग गरी दलित हक अधिकार र न्यायको संवैधानिक व्यवस्था गरिएको छ । यसर्थ 'दलित' शब्द नै प्रयोग गरिएको छ ।

**दलितलाई मान्छे बन्न देऊ**

दलितलाई मान्छे बन्न देऊ, मान्छेको हैसियत देऊ भन्ने गलत भाष्य बनेको छ वास्तवमा मान्छे बन्नुपर्ने दलितलाई दलन गर्नेले, दलितलाई अन्याय र अत्याचारको जाँतोमा पिस्ने र ढिकीमा कुट्नेले हो । दलित मान्छे हुने र बन्ने प्रकृतिप्रदत्त जैविक सबै प्रक्रिया अरूले जस्तै पूरा गरेर आएका सोही प्रक्रियाका उपज हुन् । त्यसैले दलितलाई मान्छे बनाऊ भनिराख्नु आवश्यक छैन । आफू जस्तै मान्छेलाई वञ्चित गर्ने निषेध गर्ने व्यक्ति समूह र समुदाय चाहिँ मान्छले गर्ने जस्तो व्यवहार गर्न अग्रसर हुनु पर्छ । गैरदलित मान्छे बनेको दिन दलितको पीडा स्वतः कम हुन्छ ।

आफूलाई मान्छे बनाउन दलितले निवेदन दिने र अर्को कुनै अमूक समूहले सदर गर्ने विषयको रूपमा यसलाई बुझ्नु हुँदैन । अतः दलितलाई मान्छे बनाऊ भन्ने भाष्य खारेज गर्दै जुन वैचारिकीले विपक्षीलाई हीनताबोध होस् र आफूलाई आत्मगौरवको अनुभूति होस्, त्यस्तो भाष्यलाई दलित समुदायले प्रयोग गरेर आफ्नो समूहको आत्मबल उच्च बनाएर राख्नु पर्छ । छुवाछुत र जातीय भेदभाव गर्नेलाई मान्छे बन, उन्नत सोच राख, मानवताको ख्याल गर भन्नु एकप्रकारको वैचारिक प्रत्याक्रमण पनि हो ।

**आरक्षण र शोध भर्नाको विषय**

दलितले आजको गणतान्त्रिक व्यवस्थामा खोजेको हक भनेको विगतदेखि आज पर्यन्त खेपेको सास्ती भोगेको अपमान, लामो समयसम्म इतिहासमा गरिएको उत्पीडन र विभिन्न राजनीतिक परिवर्तनमा गरिएको बलिदानको आफ्नो भागको अंश दाबी हो । राजनीतिक सामाजिक, सांस्कृतिक, धार्मिक र मानवीय रूपमा गडबड गरिएको हिसाब, सच्याएर सामाजिक अडिट अनुसार राज्य र सरकारको व्यवहारको अपेक्षा खोजेको हो । थाती राखिएको सामाजिक, राजनीतिक, सांस्कृतिक धार्मिक तथा मनोवैज्ञानिक हिसाबको बेरुजु मिलान गर्न आग्रह गरेको हो । अन्याय सहनु पनि न्यायशास्त्रको मर्म र सिद्धान्तविपरीत हो भनेर न्यायको खोज र उत्खनन गर्न चाहेको हो ।

असभ्य समाजले गरेको घोटाला चुक्ता गरेर दलितको आत्मसम्मान र स्वाभिमानमा पुर्‍याएको ठेसको बदला निश्चित समयसम्म आरक्षण र अवसर प्रदान गरिरहनु पर्छ । अन्यथा सबैको लागि समान अवसर र मौका भनेर समानता र स्वतन्तत्रताको प्रयोग न्यायपूर्ण र विवेकसम्मत बन्न सक्दैन । दलितलाई समानता र स्वतन्त्रता संवैधानिक ग्यारेन्टी हो भनेर दलितलाई र गैरदलितलाई एकै किसिमको व्यवहार न्यायोचित हुँदैन । प्रत्येकलाई उसको क्षमता र आवश्यकता अनुसारको व्यवहार र अवसर मात्र समतामूलक समाजको परिचायक हो । समानताको अभ्यास र समताको अभ्यास सँगसँगै लैजानु पर्छ, जसले गर्दा स्रोतसाधन, पहुँच र सिपको समान वितरण हुन सक्छ ।

प्रतिनिधित्वको सवालमा पनि समताको अवधारणा अत्यावश्यक छ । दलितलाई क्षतिपूर्ति राहत र शोधभर्ना दिन कन्जुस्याइँ गरियो भने बदला र प्रतिशोधको भावना बाँकी रहन्छ । दलित र गैरदलितका बिच द्वन्द्व बढ्ने, विभाजनको खाडल फराकिलो बन्ने, समाज विखण्डित रहने र उचनिचको दृष्टि कायम रहने सम्भावना ज्यादा रहन्छ । आधुनिक ज्ञान निर्मितिमा गरिएको वञ्चितीकरणको एकमुष्ट हिसाब र उपचारात्मक विधि हक र शोध भर्ना हो आरक्षण । दलितको सर्वाङ्गीण विकासमा पुगेको क्षति र बाधाको हिसाब फर्स्योटको रूपमा आरक्षणलाई लिन सकिन्छ । दलितले पाएको आरक्षण विवाद र विरोधको विषय बन्नु अशोभनीय तर्क र विचार हो ।

**दलित पहिचानको प्रसङ्ग**

दलित बनाइनु गर्वको विषय र पहिचानको विषय होइन तर दलित समुदाय अन्तर्गत रहेका विविध समुदायको पैतृक पेशागत सिप, साधना, कला, श्रम र इतिहास, योगदान विशिष्ट परिचय र देश निर्माण गर्ने श्रमजीवी समुदायको पहिचान हो । दलित समुदायसँग सभ्यता, आविष्कार, निर्माण, कला, साधना, पसिना र अनवरत श्रमको इतिहास स्मरणीय छ । राज्यको मूल प्रवाहीकरण हुन वञ्चित, बहिस्कृत, उपेक्षित, भएर बाँच्न विवश रहँदा पनि, आफ्नो चौतर्फी प्रगति उन्नति, औपचारिक शिक्षा प्राप्त गर्नबाट रोकिए पनि देशको माया गरेर बसेको राष्ट्र भक्तिको नमुना इतिहास छ । देशको विकासको लागि भुइँ तहमा बसेर सबैभन्दा बढी रगत, पसिना, आँसु र मेहनतको खोलो बगाएको समुदाय हो, दलित समुदाय । यसर्थ दलित समुदायसँग शिल्पी हुनुको गर्व बोध छ । गौरवपूर्ण योगदानको यात्रा छ । दलित पहिचान हीनताको विषय होइन ।

खाँचो एकीकृत दलित आन्दोलन

दलित आन्दोलनको खण्डीकरण, दलीयकरण र बहिष्करणले गर्दा एकीकृत तागत बन्न सकिरहेको छैन । सबै तह तप्काका बिच एकता गरेर साझा मोर्चा बनाएर न्यूनतम सहमतिको अवधारणा सहित सहकार्य गर्ने र दलितको विषय र मुद्दालाई जो, जहाँ पार्टीमा रहे पनि नरहे पनि समर्थन गर्ने दलित माथिको ज्यादतीमा बोल्न आफ्ना राजनीतिक पार्टीको इसारा र भाका पर्खनु पर्दैन । संसद्मा (प्रतिनिधि सभा र राष्ट्रिय सभामा) दलित मुद्दामा कम्तीमा दलित समुदायबाट प्रतिनिधित्व गर्ने सांसदहरू विषयगत एकता प्रदर्शन गर्दै जाने समय जुन दिन र जहिले सिर्जना हुन्छ । मान्नुस् दलित आन्दोलन आधा सफल भयो ।

आजसम्म जुन तागत र ऊर्जाले दलित आन्दोलन अगाडि बढ्नुपर्ने र संविधानको शतप्रतिशत पालनाका लागि लगाउनु पर्ने र प्राप्त सफलतालाई ग्रहण गर्दै अतिरिक्त प्राप्तिका लागि अगाडि जानुपर्ने हो, त्यो हुन सकिरहेका छैन । त्यसभित्र रहेका अनेक कारण रूढता, सङ्कुचन अस्तित्वको अस्वीकार, सौन्दर्य चिन्तनको अभाव, दलित मुक्तिको वैचारिकी, दलित मुक्तिको बहुआयामिकता आदि र दलितले गैरदलितलाई हेर्ने दृष्टिकोण, उपयोग गर्ने नीतिमा अस्पष्टता आदि जस्ता कुराले दलित आन्दोलन मजबुत बन्न सकिरहेको छैन ।

**आन्तरिक एकतामा जोड**

फुटाउ र राज गर भन्ने सत्तासीनहरूको रणनीतिक चातुर्य बुझ्न नसक्नु दलित मुक्तिको कमजोरी हो । ब्राह्मणवादले हुलिदिएको उचनिचको जरोले दलित समुदाय आफैँमा पनि आक्रान्त छ र विभाजित छ । भाइ

❖ बाँकी तेस्रो पृष्ठमा

# चारकोशे जंगलमा कार र राइफल बरामद

झापा(प्रस) । सुनसरीको बराहक्षेत्र नगरपालिका-५ स्थित अमाहा जंगलबाट प्रहरीले एक थान कार र हतियारसहितको अत्याधुनिक राइफल बरामद गरेको छ।

आइतबार मध्यराति जंगली जनावर सिकार गर्न जंगल पसेको समूह प्रहरीलाई देख्ने बित्तिकै फरार भएको जिल्ला



प्रहरी कार्यालय सुनसरीका डीएसपी योगराज खतिवडाले बताए। उनका अनुसार शिकारको उद्देश्यले रातको समयमा जंगल पसेका पाँचजना फरार छन्।

प्रहरीले घटनास्थलबाट बा ६ च ८४०३ नम्बरको कार र बेलायतमा निर्मित अत्याधुनिक राइफल बरामद गरेको हो। गस्ती टोलीलाई देख्नेबित्तिकै कार चालकसहित सबै अभियुक्त भागेका थिए। डीएसपी खतिवडाका अनुसार

कारको नम्बरका आधारमा फरार अभियुक्तहरूको पहिचान भइसकेको छ। उनीहरूको खोजीका लागि प्रहरी परिचालन गरिएको छ। बरामद गरिएको कार र हतियार इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा राखिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक दिवस कुँवरले जानकारी दिए।

# कामदारको रि-रजिस्ट्रेसन अब अनलाइनबाट मात्र

झापा(प्रस) । ईपीएसमार्फत कोरिया जाने कामदारको रि-रजिस्ट्रेसन अब अनलाइनबाट मात्र हुने भएको छ। यसअघि श्रमिक आफैं शाखामा उपस्थित भई दर्ता गराउँदै आइरहेकोमा मंगलबारदेखि वेबसाइटबाट दर्ता गर्ने व्यवस्था

गरिएको हो। ईपिएस कोरियन शाखाका अनुसार रोजगार अनुमति प्रणालीमार्फत दक्षिण




कोरिया प्रवेश गर्न

चाहने श्रमिकहरूको एक वर्षसम्ममा पनि छनौट नभई पुनः योग्य सूचीमा बस्नका लागि स्वास्थ्य परीक्षण गरी रोजगार आवेदन फाराम भर्ने व्यवस्था छ। मंगलबारदेखि म्यानुअल फाइल शाखामा दर्ता हुने छैन।

# उद्योग वाणिज्य महासंघ कोशीको २० बुँदे सुझाव

झापा(प्रस) । आर्थिक वर्ष २०८२/०८३ को मौद्रिक नीतिका लागि नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश समितिले नेपाल राष्ट्र बैंकलाई २० बुँदे सुझाव दिएको छ।

महासंघ प्रदेश समितिले नयाँ मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाको ब्याजदरलाई स्पष्ट, पारदर्शी र पूर्वसुचित मापदण्डमा आधारित बनाउनु पर्ने माग गरेको छ।

महासंघ कोशी प्रदेश समितिका अध्यक्ष राजेन्द्र राउतले राष्ट्र बैंकलाई २० बुँदे सुझाव दिँदै बैंक ब्याजदरले व्यावसायिक क्षेत्रमा अनिश्चितता बढाएको र स्थायित्व ल्याउने उपायहरु मौद्रिक नीतिमा समावेश गर्नुपर्ने उल्लेख गरेका छन्।

'मौद्रिक नीतिले आयातमा निर्भर व्यवसाय, कच्चा पदार्थ तथा प्रविधिमा आधारित उद्योगका लागि विदेशी मुद्रा विनिमयमा सहजता प्रदान गर्नुपर्ने, डिजिटल पेमेन्ट प्रणालीमा शुल्क कटौती तथा प्रविधिको पहुँच विस्तार गर्नुपर्ने, कोभिड लगायतका संकटबाट प्रभावित



व्यवसायलाई राहत स्वरूप कर्जामा लचिलो गरी पुनः तालिकीकरण गर्ने नीति अपनाउनु पर्छ,' राउतले सुझावमा भनेका छन् 'यसले उद्योगको लागत घट्ने र उत्पादन बृद्धि भई रोजगारीको अवसर समेत बढेर जानेछ।'

निर्यातमुखी उद्योगलाई विदेशी मुद्रा आम्दानीमा टेवा दिने गरी लक्षित कर्जा सुविधा तथा ब्याज अनुदानको व्यवस्था गर्नुपर्ने महासंघले माग गरेको छ। महिला, युवा तथा स्टार्टअप उद्यमीहरूका लागि विशेष कर्जा योजना, ब्याज अनुदान तथा सहुलियत कार्यक्रमको निरन्तरता र विस्तार हुनुपर्ने राउतको माग छ।

'सेयर सुरक्षण राखी प्रवाह हुने कर्जाको हकमा सुरक्षण वापत राखिने शेयरको मूल्याङ्कन गर्दा नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट प्रकाशित पछिल्लो १८० कार्य दिनको अन्तिम मूल्यको औसत मूल्य वा शेयरको प्रचलित बजार मूल्यमध्ये जुन कम हुन्छ त्यसको बढीमा ७० प्रतिशत रकम मात्र सेयर धितो कर्जा प्रवाह गर्न सकिने व्यवस्था रहेकोमा उक्त सीमा ८० प्रतिशत हुनुपर्छ,' महासंघले भनेको छ।

'घरजग्गा तथा रियलस्टेट कर्जा र सोको धितो सुरक्षणको अनुपात बढीमा ५० प्रतिशतसम्म मात्र कायम गर्नु पर्छ।

ऋण भुक्तानी आम्दानी अनुपातका सम्बन्धमा बैंक तथा वित्तीय संस्थाले व्यक्तिगत प्रकृतिका आवधिक कर्जा तथा हायर पर्चेज कर्जा लगायतका किस्ता भुक्तानीमा आधारित गैर व्यावसायिक कर्जा तथा व्यक्तिगत अधिविकर्ष कर्जामा ऋण भुक्तानी आम्दानी अनुपातको अधिकतम सीमा ५० प्रतिशतबाट ७० प्रतिशत बनाई आयश्रोत देखाउनुपर्ने व्यवस्था बनाउन माग गर्दछौं,' सुझावमा भनिएको छ। हालको व्यवस्थाले सम्पूर्ण उद्योग व्यापारको वैज्ञानिक वर्गीकरण नगरी एउटै मापदण्डमा राखेर चालुपूँजी कर्जा मूल्यांकन भइरहेको भन्दै सुझावमा राष्ट्र बैंकले उत्पादन मुलक उद्योगको लागि चालुपुँजी कर्जा वित्तीय रिर्पोटको अध्ययनको आधारमा निर्धारण गरिनुपर्ने उल्लेख छ।

वर्किङ क्यापिटल लोनलाई एक वर्षमा एक पटक सात दिनका लागि शून्य बनाउनु पर्ने व्यवस्था असान्दर्भिक रहेको भन्दै त्यसलाई खारेज गर्न महासंघका अध्यक्ष राउतले माग गरेका छन्।

# झापामा शुरु भयो धान रोपाइँ



झापा । झापामा धान रोपाइँ शुरु भएको छ । असार १ गतेदेखि नै झापामा धान रोपाइँ शुरु भएको हो । असार ८ गतेसम्म जिल्लामा करिव ३ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भएको कृषि ज्ञान केन्द्र झापाले जनाएको छ ।

पर्याप्त रुपमा वर्षा नभएका कारण बीउ तयार भएपनि किसानहरुले रोपाइँ गर्न नसकिरहेको कृषि ज्ञान केन्द्रका सूचना अधिकारी चेतराज भण्डारीले बताए । उनले अहिले किसानहरुले अगुवा धान रोपिरहेको जानकारी दिए । एक लाख ६० हजार छ सय हेक्टर क्षेत्रफलमा फैलिएको झापामा खेतीयोग्य जमिन ९८ हजार सात सय १६ हेक्टर रहेको छ । त्यसमध्ये ७५ हजार ५५९.१८ हेक्टरमा धान खेती हुने गरेको सूचना अधिकारी भण्डारीले जानकारी दिएका छन् ।

झापामा ५० दशमलव ५३ प्रतिशत भूभागमा सिँचाइ सुविधा पुगेको छ भने बाँकीमा आकाशे पानीको भरमा खेती हुँदै आएको छ ।

# रोटरियनहरुले सञ्चारकर्मीसँगको सम्बन्ध समधुर बनाउनु पर्छ-गिरी

मेचीनगर । रोटरी अन्तर ाष्ट्रिय डिष्ट्रीक ३२९२ नेपाल भुटान, सन् २०२५/२०२६ का असिस्टेन्ट गर्भनर निकिता गिरीले रोटरीले समाजमा पुर्‍याएका हरेक गतिविधि सञ्चारमाध्यममार्फत बाहिर ल्याउनुपर्ने बताएकी छन् । रोटरी भनेको समाजप्रतिको उत्तरदायित्व बहन गराउने नाफारहित सामाजिक संस्था भएकाले त्यस्ता गतिविधिहरु बाहिर ल्याउन गिरीले हरेक रोटरियन र क्लबहरुले सञ्चारकर्मी र सञ्चारमाध्यमसँग नङ र मासुको सम्बन्ध गाँसेर सम्बन्ध समधुर बनाउन निर्देशनसमेत दिइन् ।

झापाको मेचीनगर–०६ काँकरभिट्टामा क्लबका रोटरी अन्तर्राष्ट्रिय डिष्ट्रीक ३२९२ नेपाल भुटान अन्तर्गतको रोटरी क्लब अफ काँकरभिट्टाको जोइन्ट क्लब एसेम्ब्ली , २०२४/०२५ को छैठौ र २०२५/२०२६ को पहिलो 'क्लब एसेम्ब्ली'मा एजी गिरीले रोटरीले हरेक क्षेत्रमा पुर्याएको योगदानको




चर्चा गर्दै अब आफ्नो लागिमात्र नभई समाजका लागि पनि केही गर्नुपर्छ भन्ने हरेकको सोच हुनुपर्ने धारणा राखेकी थिइन् ।

उनले आफ्नो लागि मात्र नभएर समाजका लागि पनि केही गर्नुपर्छ भन्ने सकारात्मक सोच र निःस्वार्थ भावनाले समाजमा केही गरौं भन्ने विभिन्न क्षेत्रमा सक्रिय उद्योगी व्यवसायीहरु तथा विभिन्न पेशामा रहेका मानिसहरु मात्र रोटरीमा अटाउने विचार राखिन् । गिरीले सामाजिक, शैक्षिक, खेलकुद तथा स्वास्थ्य शिक्षालगायत हरेक सामाजिक सेवामा रोटरीले आफ्नो उपस्थितिसहित

विभिन्न रचनात्मक एवम् सकारात्मक काम गरेकोमा सवै रोटरी क्लबप्रति धन्यवाद व्यक्त गरिन् ।

रोटरीले प्रचारमा भन्दा पनि काममा विश्वास गर्ने बताउँदैं उनले रोटरी क्लबका बारेमा कुरा गर्दा वा सदस्य बनिरहँदा सवैभन्दा पहिलो रोटरी के हो ? बुझ्न जरुरी रहेको उनको भनाई थियो । विभिन्न पेशा तथा उद्योगी व्यवसायीहरुलाई सांगठानिकरुपमा एक ठाउँमा गोलबद्ध बनाएर आफूमा रहेको सीपको सदुपयोग गर्दै समाजप्रतिको उत्तरदायित्व वहन गराउने संस्था नै रोटरी भएको उनले पटक पटक दोहोर्‍याइन् । एजी निकिता गिरीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा क्लबका सन् २०२४/२०२५ का अध्यक्ष डाक्टर आनन्दराज खनालले आफ्नो कार्यकालमा क्लबले गरेका विभिन्न गतिविधिका बारेमा प्रतिवेदन प्रस्तुत गरेका थिए ।

क्लब एडमिनिस्ट्रेशन चियर रोहितकुमार बुढाथोकीको तर्फबाट पूर्व अध्यक्ष सुजन प्रधान, रोटरी फाउन्डेसन चियर मोहन निरौलाको तर्फबाट पूर्व अध्यक्ष इञ्जिनियर रुद्र मैनाली, मेम्बर सीप कमिटी चियर रीता प्रधान, पब्लिक इमेज चियर भगिरथ राईको तर्फबाट रविन सुवेदी, सर्भिस प्रोजेक्ट चियर दीपेन्द्रराज पाण्डेको तर्फबाट कमल गुभाजु, यूथ सर्भिस चियर पेमा तामाङले सन् २०२५/२०२६ को अवधिमा प्रस्तुत गर्ने भावी योजनासहितको प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा सन् २०२४/ २०२५ का अध्यक्ष डाक्टर आनन्दनराज खनाललाई अवार्डसमेत प्रदान गरियो । सन् २०२५/२०२६ का सेक्रेटरी रविन सुवेदीले सञ्चालन गरेको कार्यक्रममा सहभागी सवैलाई सन् २०२५/२०२६ का प्रेसिडेन्ट इलेक्ट लक्ष्मीदेवी खनियाँ र प्रथम उपाध्यक्ष कृष्णराज पौडेल धन्यवाद ज्ञापन गरेका थिए ।

# इलाममा चट्याङले लागेर गाई मर्यो

झापा(प्रस) । इलाममा चट्याङले लागेर गाई मरेको छ । आइतवार राति ११ बजे इलाम चुलाचुली गाउँपालिका ३ मंगलसिद्धि बस्ने यामबहादुर राईको गोठमा बाँधेको गाभिना गाई वर्षासँगै परेको चट्याङले लागेर मरेको हो । सोमवार साँझ प्रहरी चौकी पेल्टिमारीबाट खटिएको प्रहरी



टोलीले गस्ती गर्ने क्रममा घटनास्थल पुगेर घटनाबारे जानकारी लिएको थियो । राईले मरेको गाई पुरिसकेका थिए । गाई मर्दा ५० हजार बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

# बिर्तामोडमा हात्तीको आक्रमणबाट एक घाइते



झापा(प्रस) । झापाको बिर्तामोड नगरपालिका-८ मा जंगली हात्तीको आक्रमणबाट एकजना घाइते भएका छन् । त्योसंगै हात्तीको समूहले धनमाल क्षतिसमेत गरेको छ । सोमवार बिहान ४ बजे ३-४ वटाको संख्यामा आएका हात्तीको समूहले बिर्तामोड -८ शुक्रवार टोल बस्ने ५५ वर्षीय सुफल मर्डी बाँसको टाँटी बेरा भत्काई अन्दाजी दश हजार बराबरको क्षति पुर्याएको छ । मर्डी भाग्ने क्रममा घाइते भएका छन् । उनको अनुहारमा चोट लागेको छ । घाइतेलाई उपचारको लागि प्रादेशिक अस्पताल भद्रपुर लगिएको छ । सोही हात्ती समूहले ५६ वर्षीय कृष्णप्रसाद उप्रेतीको सिमेन्टको पर्खाल भत्काई अन्दाजी ५० हजार बराबरको क्षति गरेको छ । त्यस्तै ४३ वर्षीया शिवकुमारी मगरको आँगनमा राखिएको भकारीबाट अन्दाजी सय किलो चामल खाएर नष्ट पारेको प्रहरीले जनाएको छ । हात्ती समूह सोही स्थानको देउनिया खोलातर्फ भागेको जनाइएको छ ।

## सामाजिक...

फुटे गवार लुटेको स्थितिलाई दलित समुदायमा चरितार्थ गरेर संघीय मन्त्री मण्डलामा दलित निषेधको स्थिति, मन्त्री नै दिए पनि राज्यमन्त्रीको भाग र अन्य प्रदेशमा पनि दलितको प्रतिनिधित्व सन्तुलित नहुने कारण दलित समुदायको बार्गेनिङ क्षमता कमजोर भएर हो ।

दलित समुदायभित्र पनि ब्राह्मणवादको पकड दरो रहेको छ जसले गर्दा छुवाछुत बारना, बन्देज र निषेध चरम रूपमा रहेको पाइन्छ । पढेलेखेका दलित समेत आफ्नो समुदाय एकले अर्कोलाई स्वीकार गर्न सकिरहेका छैनन् । सानो उपलब्धिमा पनि जस लिने होड देखिन्छ भने कसैले उपलब्धिलाई पनि बेवास्ता गरेका छन् । सर्वमान्य नेतृत्व र दलित सौन्दर्य चिन्तन, एजेन्डामा अधिकतम सहमतिको अभाव छ । दलित आन्दोलनका निसाना तय गर्न दलितहरू स्वयम् अलमलमा छन् । कसैले मार्क्सवाद दलित मुक्तिको आधार भन्छन्, कसैले धर्मसंस्कृति सुधार भन्छन्, कसैको तर्क र वर्ग उन्मूलन, कोही थर उन्मूलन आदिको विविध विश्वासमा दलित मुक्तिको निसाना एकिन गरिएको छैन । आन्तरिक एकतामा ध्यान दिन सके दलित आन्दोलनलाई उचाइ लिन गाह्रो छैन । दलितको सबैभन्दा ठुलो मुक्तिको विषय आत्मसम्मान र मर्यादाको हो । राज्यले आत्मसम्मान र मर्यादा त्यतिन्जेलसम्म दिन कन्जुस्याइँ गर्छ, जतिन्जेल दलितले आफ्नो तागत निर्माण गरेर सत्तासँग प्रश्न गर्ने ह्याउ राख्दैन ?

**साझा मोर्चा**

दलित समुदाय सबै एकै छातामुनि दलित मुक्तिको विषयमा एक भएर जानु आवश्यक छ । त्यसका लागि न्यूनतम साझा कार्यक्रम र एजेन्डा तय गरेर जाने । वैचारिक रूपमा पनि एउटा मार्गदर्शन निर्माण गर्ने, दलित मुक्तिका बहुआयाम र क्षेत्रको पहिचान गरी जहाँ र जसरी हुन्छ, त्यता निशाना लगाउने, दलित मुक्तिका लागि सहयोगी बन्ने कार्य गर्ने, धर्म संस्कृति सुधार, दलितको आर्थिक उन्नतिको विषयमा काम गर्ने, विरासतमा गरिएका कामलाई व्यावसायिक बनाएर आयआर्जन र आत्मनिर्भरको बाटो लिने, आदि जस्ता विषयमा राजनीतिकदेखि सामाजिक व्यवस्थासम्म दलित समुदाय परस्परमा एकता गर्न सक्छन् ।

**गैरदलितसँग एकता**

दलितको मुद्दा दलितको पीडाको विषय भए पनि आममान्छेको सभ्यता र मानव अधिकारसँग जोडिने विषय हो । विश्व राजनीतिको रङ्गमञ्चको विषय हो, सन् १९४८ को मानव अधिकार घोषणापत्रको पक्ष हो । अब मुद्दा बोक्न दलित मात्र होइन, गैरदलित र राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय समुदाय पनि मानव अधिकारको प्रश्नमा सहयोगी बन्न आइपुग्छ । यसर्थ सुधारवादी गैरदलितलाई पनि दलित समुदायले आफ्नो आन्दोलनको हिस्सा बनाएर उपयोग गर्न हिचकिचाउनु हुँदैन । दक्षिण अफ्रिकामा १५० वर्षसम्म अश्वेतहरू श्वेतको उत्पीडनमा परे जबकि जनसंख्याको ८० प्रतिशत हिस्सा अश्वेतहरूको थियो । श्वेतहरू १२ प्रतिशत मात्र थिए । दक्षिण अफ्रिकाको मोडेलमा नेपालमा पनि दलित मुक्तिका लागि गैरदलितलाई उपयोग गर्न सक्नु पर्छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।**
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** – नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** – महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** – आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** – नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** – आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** – मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** – आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** – सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** – आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** – घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** – राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** – परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।